# गुल्मीदरबार गाउँपालिका

## स्थानीय राजपत्र


खण्ड : २ संख्या : ७ पुस १८, २०७९


## भाग-३

## सूचना

गुल्मीदरबार गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०७९-०९-१८ गते बसेको गाउँ कार्यपालिका बैठकबाट भएका निर्णयहरुको यो सूचना प्रकाशन गरिएको छ।

**मिति २०७९।०९।१८ गतेको सातौं कार्यपालिका बैठकको प्रस्तावहरु**

१. यस भन्दा अगाडीको निर्णयहरुको समीक्षा सम्बन्धमा
२. एकीकृत घुम्ति सेवा संचालनको समीक्षा सम्बन्धमा
३. संघीय समपुरकका अनुदान तथा विशेष अनुदानका कार्यक्रम छनौट सम्बन्धमा
४. गाउँपालिकाको डम्पिङ्ग साईट निर्माण सम्बन्धमा
५. खानेपानी योजना र विभिन्न निर्माण कार्यको सूचना प्रकाशन सम्बन्धमा
६. वर्षातको विभिन्न समयमा गाउँपालिका तथा वडा कार्यालय मार्फत मर्मत संभार गरेका सडकहरुको रकम भुक्तानी सम्बन्धमा
७. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विभिन्न उजुरी सम्बन्धमा
८. रकमान्तर सम्बन्धमा
९. कार्यालयको गतिविधि सम्बन्धमा
१०. करार सेवामा कार्यरत कर्मचारीहरुको म्याद थप सम्बन्धमा
११. खर्ज्याङ्ग खोलामा रहेको ढुङ्गा गिटी तथा मिस्कट विक्री वितरण सम्बन्धमा
१२. विरवास स्वास्थ्य चौकी भवनको म्याद थप सम्बन्धमा
१३. अन्य विविध

## मिति २०७९।०९।१८ गतेको सातौं कार्यपालिकाको बैठकको निर्णयहरु

| निर्णय नं. | निर्णय |
|---|---|
| १. | यस भन्दा अगाडिका कार्यपालिका बैठकको निर्णयहरुको कार्यान्वयनको अवस्था बारे छलफल तथा समीक्षा गरियो निर्णयहरु कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | गाउँपालिकाको सबै वडामा मिति २०७९।०९।०८ गते देखि १४ गते सम्म विभिन्न ८ प्रकारका सेवाहरु सहित संचालन गरिएको एकीकृत घुम्ति सेवा प्रभावकारी रुपमा संचालन भएको पाईयो । आगामी दिनमा एकीकृत घुम्ति सेवा अझै परिस्कृत रुपमा संचालन गर्न कार्यालयले आवश्यक व्यवस्था मिलाउने । |
| ३. | राष्ट्रिय योजना आयोगको मिति २०७९।०८।१९ गतेको आ.व. ०८०/०८१ को लागि प्रदेश सरकार तथा स्थानीय तहमा संघीय समपुरक अनुदान तथा संघीय विशेष अनुदान अन्तर्गत संचालन गरिने आयोजना / कार्यक्रमका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना बमोजिम यस गाउँपालिकाबाट देहाय बमोजिमका आयोजनाको प्रस्ताव पेश गर्ने<br><br>**समपुरक अनुदान तर्फ**<br>१. उपल्लो हटिया-चिनीया पोखरी-खर्ज्याङ्ग-भरवा राङ्गवास फेदी मोटरबाटो स्तरोन्तरी अनुमानित लागत रु २ करोड ९ लाख ६ हजार ७ सय ४५<br>२. गुल्मीदरबार एक घर एक धारा खानेपानी कार्यक्रम अनुमानित लागत रु २ करोड ५ लाख ६० हजार २ सय २७<br>३. दोबाटा-माझपोखरी-वहडाँडा-दुमै खोला हुँदै रेसुङ्गा एयरपोर्ट जोड्ने सडक स्तरोन्तनी अनुमानित लागत रु २ करोड १४ लाख २५ हजार ९ सय ९२<br><br>**विशेष अनुदान तर्फ**<br>१. स्वास्थ्य चौकी भवन निर्माण गुल्मीदरबार वडा नं. ६ अनुमानित लागत रु २ करोड ४१ लाख ९३ हजार ८ सय ४६<br>२. श्री रुन्खादह माध्यमिक विद्यालय गुल्मीदरबार-४ १६ कोठे विद्यालय भवन अनुमानित लागत रु ४ करोड ६२ लाख ८० हजार ९ सय २७<br>३. श्री म्यालपोखरी माध्यमिक विद्यालय वडा नं. ३ मा ८ कोठे भवन निर्माण अनुमानित लागत रु १ करोड ८० लाख ६२ हजार ५ सय ९१ |

| निर्णय नं. | निर्णय |
|---|---|
| ४. | गुल्मीदरबार गाउँपालिकाको वडा नं. ३ मा प्रदेश सरकारको समपुरक योजना अन्तर्गत निर्माण हुने डम्पिङ्ग साईट निर्माणको लागि उपयुक्त स्थल पहिचान गरि १५ दिन भित्र प्रतिवेदन पेश गर्न देहाय बमोजिमको कार्यदल गठन गर्ने ।<br><br>संयोजक देविराम पोखेल वडाध्यक्ष वडा नं. ४<br><br>सदस्य रामबहादुर थापा वडाध्यक्ष वडा नं. ३<br><br>सदस्य कुमारी दनुवार पुवारे कार्यपालिका सदस्य<br><br>सदस्य ईश्वरी परियार कार्यपालिका सदस्य<br><br>सदस्य सचिव इन्जिनियर राजु अर्याल पूर्वाधार शाखा |
| ६. | वर्षात समयमा गाउँपालिका तथा वडा कार्यालय मार्फत मर्मत संभार गरेका सडकहरुको अनुगमन प्रतिवेदन अनुसार देहायका सडकहरुको रकम भुक्तानी गर्ने ।<br><br>१. वडा नं. ५ को तोष थुम्का मोटरबाटो मर्मत संभार गर्दा खर्च भएको रकम रु. ९२०००।– मा नियमानुसारको करकट्टी गरी भुक्तानी गर्ने ।<br>२. वडा नं. ३ को राजा देखी पाखा खोलासम्मको मोटरबाटो मर्मत संभार गर्दा खर्च भएको रकम रु. ८०१६३।–<br>३. वडा नं. ४ ५ ६ र ७ का विभिन्न शाखा बाटोहरु मर्मत गर्दा लागेको खर्च प्राविधिक मूल्याङ्कन अनुगमन प्रतिवेदनको आधारमा भुक्तानी गर्ने । |
| ५. | लुम्बिनी प्रदेश सरकारको समपुरक योजना अन्तर्गत गुल्मीदरबार गाउँपालिकास्तरीय एक घर एक धारा कार्यक्रम (वडा नं. १ देखि ७ सम्म) अन्तर्गत बोटेपुछार सुपालेघाट खानेपानी योजना वडा नं. ७ को लागत स्टिमेट अनुसार ३० लाख १४ हजार २ सय ७७ रकमको विद्युतिय वोलपत्र आव्हान गर्ने र बाँकी रकमबाट खानेपानी योजनाहरुको मर्मत संभारको लागि पाईप, पम्प लगायत अन्य आवश्यक उपकरण तथा संरचना निर्माण गर्ने । |
| ७. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग टंगाल काठमाण्डौंका विभिन्न उजुरी तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल रुपन्देहीका विभिन्न उजुरीहरु बैठकमा प्रस्तुत भई छलफल भयो । खरिद प्रकृयामा अनियमित गरेको, जनप्रतिनिधिसँग मिलेमतो गरी कार्यालय |

| निर्णय नं. | निर्णय |
|---|---|
| | प्रमुखले अनियमित कार्य गरेको, जिन्सी सामग्रीहरु खरिद दाखिलामा अनियित गरेको, १५ शैंयाको अस्पताल निर्माणको DPR मा अनियमित भएको, मौरी घार वितरणमा अनियमित भएको तथा कोशेली घर संचालनमा अनियमित भएको लगायतका विभिन्न उजुरीहरुका सम्बन्धमा कार्यालयले तयार पारेको छानविन प्रतिवेदन, कार्यालयको प्रतिकृया, खरिद लगायतका कार्य सम्पादन गर्दा कार्यालयले पुरा गरेको सम्पूर्ण प्रकृयाहरु र उजुरीको विश्लेषण गर्दा कार्यालयमा आफ्नो निहित स्वार्थ पुरा नभएका केही व्यक्तिहरुले मनोगत उजुरी गरी कार्यालयको समग्र सेवा प्रवाह र कार्यालयको गतिविधिलाई असर पुऱ्याउने नियत राखेको देखिंदा उजुरीहरुमा कुनै सत्यता नभएको र कार्यालयले सम्पादन गरेका कार्यहरुमा अनियमित कार्य भएको नदेखिदा सोही बेहोराको जानकारी सम्बन्धित निकायमा गराउने । |
| ८. | गुल्मीदरबार गाउँपालिकाको आ.व. ०७९/०८० को पूँजिगत शिर्षक अन्तरगत हेभि इक्प्मेन्ट खरिद शिर्षकमा रहेको रकम रु. ३३ लाख ७५ हजारबाट वर्षातको समयमा गाउँपालिकाका विभिन्न स्थानमा मोटरबाटो मर्मत संभार गर्दा खर्च भएको रकम भुक्तानी गर्ने प्रयोजनको लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७९ बमोजिम २५% रकम पूँजीगत शिर्षक अन्तर्गतको मर्मत संभार कोषमा रकमान्तर गर्ने । |
| ९. | कार्यालयको हाल सम्मको विभिन्न गतिविधिको बारेमा प्रमुख प्रशासकीय अधिकृतबाट बैठकमा जानकारी तथा छलफल भयो ।<br>१. विभिन्न योजनाहरुको टेण्डर सूचना सम्बन्धमा<br>२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगका विभिन्न उजुरीहरुको बारेमा<br>३. गाउँपालिकाको सेवा प्रवाहको समग्र अवस्था तथा कर्मचारीहरुको कार्य सम्पादनको बारेमा<br>४. कार्यालयमा प्राप्त विभिन्न गुनासो तथा उजुरीहरुको बारेमा<br>५. कार्यालयको खर्च विवरण तथा कार्यालय संचालन लगायतका विभिन्न खरिद गरिएका सामग्रीहरुको विवरण सम्बन्धमा |
| १०. | गुल्मीदरबार गाउँपालिकामा करार सेवामा विभिन्न पदमा कार्यरत कर्मचारीहरुको मिति २०७९ मंसिर १ गते देखि लागु हुने गरी २०७९ चैत्र मसान्त सम्मको लागि कार्य सम्पादन मूल्याङ्कनको आधारमा म्याद थप गर्ने । |

| निर्णय नं. | निर्णय |
|---|---|
| ११ | गुल्मीदरबार गाउँपालिका वडा नं. ६ को फिनिबगरमा रहेको कित्ता नं. ६२ मा रहेको शेर बहादुर कार्कीको जग्गाबाट गिट्टी सहितको मिक्सट सोही स्थानमा निर्माण भईरहेको खज्याङ्ग फेदी मोटरबाटोको लागि विक्री वितरण गर्न मन्जुर भई कार्यालयमा निवेदन पेश गरेकोमा हाललाई ५० टिपरको गुल्मीदरबार गाउँपालिकाको आर्थिक ऐन २०७९ बमोजिम रु ८०० का दरले राजस्व रकम लिई वडा कार्यालयको रेखदेखमा निकासी गर्न अनुमती दिने र पछी थप आवश्यक परेमा जग्गा धनीको निवेदन र वडा कार्यालयको सिफारिस अनुसार कार्यालयले लाग्ने राजस्व लिई निकासीको लागि अनुमती उपलब्ध गराउने । |
| १२. | गुल्मीदरबार गाउँपालिका वडा नं. ४ को विरबासमा निर्माण भईरहेको विरबास स्वास्थ्य चौकी भवनको म्याद यही मिति २०७९ पौष मसान्त सम्म रहेकोमा निर्माण व्यवसायीले मूल्यवृद्धि, अविरल वर्षा, निर्माण सामग्रीको अभाव, निर्वाचन लगायतको कारणले तोकिएको समयमा सम्पन्न हुन नसकेको भनी निवेदन पेश गरेकोमा गाउँपालिकाको अनुगमन समितिबाट स्थलगत अनुगमन गर्दा निर्माण कार्य संचालन भईरहेको र उक्त भवनको निर्माण कार्यलाई निरन्तरता दिन उपयुक्त देखिएको हुँदा २०८० असार मसान्त सम्म भवनको म्याद थप गरी भवनलाई यथासिघ्र निर्माण सम्पन्न गर्न निर्माण व्यवसायीलाई समेत निर्देशन दिने । |
| १३. | अख्तियार दुरुपयोग अनुसन्धान आयोग, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायत विभिन्न निकायहरुबाट प्राप्त परिपत्र तथा निर्देशनहरु बैठकमा प्रस्तुत भयो । प्राप्त निर्देशन तथा परिपत्र बमोजिम कार्य सम्पादन गर्ने गराउने । |